# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०७९/०८०

## सेवा करारमा मेडिकल अधिकृत पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२५)*

मरिण गाउँपालिका अन्तर्गत कपिलाकोट प्राथमिक स्वास्थ्य केन्द्रको लागि आवश्यक मेडिकल अधिकृत पद खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५(पन्ध्र) दिन भित्र आवश्यक विवरण र राजश्व तिरेको रसिद सहित रितपूर्वक फाराम भरी दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | पद | विज्ञापन नं. | माग पद संख्या | पारिश्रमिक तथा सेवा सुविधा (मासिक रु.) | दरखास्त दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत (आठौं तह) | ०१/०७९/०८० | १ (एक) | नेपाल सरकारको नियमानुसार | १०००।- | |

१. **दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरुः** नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, तालिमको प्रमाणपत्र, अनुभव भए सोको कागजात, २ (दुई) प्रति पासपोर्ट साइजको फोटो तथा अन्य आवश्यक कागजातहरु।

२. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
   क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा MBBS कोर्ष उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको ।
   ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३. **दरखास्त दिने अन्तिम मितिः-** २०७९/०५/०८ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ ।

४. **दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः-** तोकिएको दरखास्त दस्तुर राष्ट्रिय बाणिज्य बैंक लि. कपिलाकोट शाखामा रहेको यस मरिण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. १५३०१००३०१०१०००२ मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद कटाई नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने ।

५. **परीक्षाको किसिमः-** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित तथा अन्तरवार्ता ।

६. **पाठ्यक्रमः-** लोक सेवा आयोग, नेपालको पाठ्यक्रम अनुसार हुनेछ ।

७. **परीक्षाको मिति, समय र स्थानः-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट १० (दश) दिन भित्र प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गरिनेछ र लिखित एवं अन्तरवार्ता परीक्षा हुने मिति, समय र स्थान सोही दिन तोकिनेछ ।

८. **दरखास्त पेश गर्ने स्थानः-** मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुलीमा दरखास्त फाराम बुझाउने एवं मरिण गाउँपालिकाको ईमेल ठेगाना info@marinmun.gov.np मार्फत पनि कागजातहरु स्क्यान गरी दरखास्त पेश गर्न सकिनेछ ।

९. **करार अवधिः-** मेडिकल अधिकृतको करार अवधि एक वर्षको हुनेछ। कार्यसम्पादनको आधारमा गाउँ कार्यपालिकाको कार्यालयले करार अवधि थप गर्न सक्नेछ, तर लोक सेवा आयोगबाट स्थायी नियुक्ति भई आएमा स्वत: अवकाश हुनेछ।

१०. **छनौटको आधार :-** अनुभवी एवं स्थानीयलाई प्राथमिकता दिईनेछ, अन्य कुराहरु "मरिण गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि,२०७५" बमोजिम हुनेछ ।

११. **कार्यविवरणः-** स्वास्थ्य सेवा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

२०७९/०४/२५

**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**

*पुनश्चः- मेडिकल अधिकृत पदको लागि निर्धारण गरिएको आवेदनको ढाँचा तथा मरिण गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ गाउँपालिकाको वेबसाईट www.marinmun.gov.np मा उपलब्ध गराईएको छ ।*